अर्जुनधारा नगरपालिका

## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ११/०७७

मितिः२०७७/०५/०८

उपस्थितिः

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री लेक्ष्मी तामाङ्ग | सदस्य | |
| सहायक | श्री सौजन कटुवाल | आमन्त्रित | |
| | | | |

अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको बैठकका निर्णयहरु　　बैठक संख्या ११/०७७　　मिति २०७७/०५/०८

१. चालु आर्थिक वर्ष २०७७/०७८ का लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट यस नगरपालिकामा सञ्चालन गर्नु पर्ने योजना सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

२. चालु आर्थिक वर्षको बजेटबाट सडक कालोपत्रे गर्न लागि विनिय़ोजित बजेट तथा सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेटबाट यस नगरपालिका अन्तर्गत विभिन्न निकायहरुबाट कालोपत्रे गरी हस्तान्तरण गरिएका सडकहरुको मर्मत सम्भार गर्ने । प्रत्येक वडामा कालोपत्रे गर्नका लागि सडकको सब बेस तथा कालोपत्रेको काम नगरपालिका योजना शाखाले नियमानुसार गर्ने ।

३. यस नगरपालिकाको वार्षिक कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरु सञ्चालन गर्नका लागि आगामी १ महिना भित्र उपभोक्ता समिति गठन गर्ने ।उक्त अवधिमा उपभोक्ता समिति गठन हुन नसकेमा त्यस्ता योजना सञ्चालनका लागि ठेक्का बन्दोवस्त गर्ने ।

४. वैदेशिक रोजगारबाट घर फिर्ता भएका नागरिकहरुका लागि विभिन्न आयमुलक कार्यक्रम सञ्चालन प्रोत्साहन उपलब्ध गराउन राष्ट्रिय विकास अध्ययन केन्द्रबाट त्यस्ता व्यक्तिहरुको विवरण स्वास्थ्य शाखा मार्फत संकलन गरी तयार गर्ने ।

५. अर्जुनधारा नगरपालिकामा सामुदायिक कुकुरहरुले स्थानीय वासिन्दाको पशु चौपायालाई आक्रमण गर्ने जस्ता प्रकोप फैलाएका हुनाले त्यस्ता कुकुरहरुको व्यवस्थापनका लागि जिल्ला विपद व्यवस्थापन समिति समक्ष अनुरोध गरी पठाउने । पशुपंक्षीतथा मत्स्य विकास शाखा मार्फत पशुधनहरुको विमा गर्नका लागि सम्बन्धित धनिहरुलाई सूचना गर्ने ।

६. यस नगरपालिका अन्तर्गतका वडाहरुमा विद्युतिकरण तथा सञ्चार सँग सम्बन्धि भएका समस्याहरु (विद्युत तार,विद्युत पोल,ट्रान्सफर्मर आदि) ७ दिन भित्र प्राथमिकताक्रम सहित वडा कार्यालयहरुले पठाउने । प्राप्त विवरणहरु संकलन गरी सो को समाधानका लागि नेपाल विद्युत प्राधिकरण लगायत सम्बन्धित निकायहरुमा पहल गर्ने ।

७. यस नगरपालिकामा क्रियाशिल आधिकारिक ट्रेड युनियनहरुलाई नगरपालिकामा सुचिकृत हुनका लागि आह्वान गर्ने ।

८. नेपाल सरकारबाट सञ्चालित एक पालिका एक पर्यटकीय क्षेत्र कार्यक्रमका लागि यस नगरपालिकाबाट अर्जुनधारा-१ स्थित हलुवागढ सिमसार तथा पर्यटकीय क्षेत्र छनौट गरी पठाउने ।

९. यस नगरपालिकाको बाहिरी चक्रपथको निर्माणका लागि वडा नं १० का लागि तोकिएको सडकबाट निर्माण कार्य अघि बढाउने । उक्त वडाको सडक निर्माण सकिए पछि क्रमशः अन्य वडामा निर्माण कार्य गर्दै लैजाने ।

१०. गत आर्थिक वर्ष बजेट विनियोजन भई चालु आर्थिक वर्षमा सञ्चालन गर्न म्याद थप भएका योजनाहरु सञ्चालन गर्नका लागि यथाशिघ्र प्रक्रिया अघि बढाउने ।

११. चालु आर्थिक वर्षमा उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुको सम्बन्धमा देहायानुसार गर्ने ।

क. प्राविधिक लागत स्टमेट नगरपालिकाद्वारा स्वीकृत स्थानीय दररेट अनुसार तयार गर्ने ।

ख. सम्झौता गर्दा लागत स्टिमेटबाट १५प्रतिशत रकम घटाई सम्झौता गर्ने ।

ग. यस अघि कायम गरिएको नगर जनसहभागिता अनिवार्य नगर्ने ।

१२. चालु आर्थिक वर्ष २०७७/०७८ का लागि अनुसुचि १ बमोजिमका स्थानीय दररेट स्वीकृत गर्ने ।

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु* *बैठक संख्या ११/०७७* *मिति २०७७/०५/०८*

१३. केही समययता युरिया मलको चरम अभावका कारण किसानहरुमा पर्न गएको समस्या एवं सो को सहज आपूर्ती तथा वितरणका लागि नगरपालिकाले गर्न सक्ने सम्भाव्य विकल्पहरुमा सहजिकरण गर्नका लागि आर्थिक विकास समिति संयोजक श्री दिलमाया दास, पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख पशु विकास अधिकृत श्री पदमलाल राई तथा कृषि विकाश शाखा प्रमुख प्राविधिक सहायक श्री उर्मिला राजवंशीलाई जिम्मेवारी दिने ।

१४. कार्यपालिका सदस्य श्री खिनमान दास मृगौला सम्बन्धि रोग लागि उपचाररत रहनु भएकाले निजलाई औषधोपचार सहयोग रु ७० हजार तथा नगर सभा सदस्य श्री कुन्दन भट्टराई फोक्सो सम्बन्धि रोग लागि उपचाररत रहनु भएकाले निजलाआई रु १ लाख औषधोपचार सहयोग उपलब्ध गराउने ।

१५. नेपाल सरकारबाट यस नगरपालिकामा सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रम अनुगमन गर्नका लागि देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| पूर्वाधार विकास समिति संयोजक श्री रमेशकुमार दर्जी | संयोजक |
| सामाजिक विकास समिति संयोजक श्री दिलिप गुरुङ्ग | सदस्य |
| कार्यक्रम सञ्चालन भएको वडाको वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य | सदस्य |
| प्राविधिक शाखा प्रतिनिधि | सदस्य |

१६. यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुको भवन निर्माण सम्बन्धमा देहायानुसार गर्ने ।

क. साविकमा स्वीकृत ड्रइङ डिजाइन अनुसार पुनः लागत स्टिमेट तयार गरी सो लागतमा १५ प्रतिशत रकम घटाई(भ्याट तथा ओभरहेड बाहेक) वडा नं ६ को कार्यालय भवन निर्माण गर्ने ।

ख. अन्य वडा कार्यालयहरुको भवन निर्माणका लागि कार्यालयबाट प्रस्तावित डिजाइन स्वीकृत गरी लागत स्टिमेटमा १५ प्रतिशत रकम घटाई उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन १ महिना भित्र सुरु गर्ने ।उक्त अवधिमा उपभोक्ता समिति मार्फत कार्य सुरु हुन नसकेमा ठेक्का बन्दोवस्त गर्ने ।

१७. गिरिजाप्रसाद कोइराला स्मृति भवन अर्जुनधारा-६ म साउण्ड सिस्टम जडानका लागि रु १ लाख ५० हजार उपलब्ध गराउने ।

१८. वडा नं २ चौरासे झेलेनी पैनी मुहान मर्मतका लागि नगरपालिकाबाट एक दिनका लागि व्याक हो लोडर उपलब्ध गराउने ।

१९. अर्जुनधारा ११ स्थित नयाँ बसपार्कमा विपद व्यवस्थापन कोषबाट बजेट व्यवस्थापन गरी कोभिड हेल्प डेस्क स्थापना गर्ने ।

२०. अर्जुनधारा-४ दहिझोडामा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्नका लागि ठाकुरप्रसाद पराजुलीले निजको नाममा दर्ता कायम साविक अर्जुनधारा गा वि स वडा नं -५ कि.नं.४००२,४००४ बाट ज.वि.०-१-० जग्गा निःशुल्क उपलब्ध गराउनु हुने भएकाले उक्त जग्गा यस नगरपालिकाको नाममा नामसारीको आवश्यक प्रक्रिया अघि बढाउने ।साथै,उक्त जग्गामा बनेको भवनको प्राविधिक मूल्यांकन गरी हुन आउने रकम भुक्तानी गरी उक्त भवनमा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने ।

०३/०८/१

हरि कुमार राना मगर,
नगर प्रमुख